# धूमपानसम्बन्धी कानुन कडाइसाथ लागू गर्न निर्देशन

**राजधानी समाचारदाता**
काठमाडौं, २१ साउन

जिल्ला प्रशासन कार्यालय काठमाडौंले जिल्लाभित्र सञ्चालित होटल तथा रेष्टुरेन्टमा धूमपानसम्बन्धी कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गर्न व्यवसायीलाई निर्देशन दिएको छ। सार्वजनिक स्वास्थ्य संरक्षण तथा धूमपान नगर्ने व्यक्तिको अधिकार सुनिश्चित गर्ने उद्देश्यले यस्तो निर्देशन जारी गरिएको कार्यालयले उल्लेख गरेको छ।

कार्यालयले जारी गरेको अत्यन्त जरुरी सूचनामा होटल तथा रेष्टुरेन्टमा हुक्का, चुरोटलगायत सुर्तीजन्य पदार्थको अव्यवस्थित सेवन भइरहेको र त्यसबाट धूमपान नगर्ने व्यक्तिको स्वास्थ्यमा प्रतिकूल असर परेको गुनासो प्राप्त भएकाले कानुनको प्रभावकारी कार्यान्वयन आवश्यक भएको उल्लेख गरिएको छ।

सूचनामा सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ मा भएका व्यवस्थालाई पूर्ण रूपमा पालना गर्न व्यवसायीलाई निर्देशन दिइएको छ। होटल तथा रेष्टुरेन्टले धूमपान गर्न मिल्ने र नमिल्ने स्थान स्पष्ट रूपमा छुट्याउनुपर्ने तथा धूमपान गर्ने स्थान चारैतिरबाट बन्द हुने र त्यसको असर अन्य व्यक्तिमा नपुग्ने गरी व्यवस्थापन गर्नुपर्ने उल्लेख गरिएको छ।

प्रशासनले अनुगमनलाई थप प्रभावकारी बनाइने पनि स्पष्ट पारेको छ। जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायबाट हुने निरीक्षणका क्रममा ऐनविपरीत कार्य गरेको पाइए कानुनबमोजिम कारबाही गरिने चेतावनी दिइएको छ। सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी मुक्तिराम रिजालद्वारा जारी सूचनामार्फत सबै होटल तथा रेष्टुरेन्ट व्यवसायीलाई कानुनी व्यवस्थाको पूर्ण पालना गर्न आग्रह गरिएको छ। प्रशासनले सार्वजनिक स्वास्थ्यसँग जोडिएको विषय भएकाले कानुन कार्यान्वयनमा कुनै पनि प्रकारको लापरबाही स्वीकार्य नहुने उल्लेख गरेको छ।

# अनुगमनक्रममा दुई फर्मलाई विभागको जरिमाना

**राजधानी समाचारदाता**
काठमाडौं, २१ साउन

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले काठमाडौं उपत्यकाका विभिन्न १२ वटा व्यावसायिक फर्ममा स्थलगत अनुगमन गरेको छ। बजार अनुगमनक्रममा उपभोक्ता संरक्षणसम्बन्धी कानुनी व्यवस्था उल्लंघन गरेको पाइएपछि दुई फर्मलाई जरिमाना गर्नुका साथै अन्य व्यवसायीलाई आवश्यक निर्देशन दिएको विभागले उल्लेख गरेको छ। अनुगमनक्रममा ललितपुर महानगरपालिका-२० स्थित न्यू डाइमण्ड फर्निचर सेन्टरमा खरिद बिल नराखिएको भेटिएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १५ बमोजिम १० हजार रुपैयाँ जरिमाना गरिएको विभागले जनाएको छ।

त्यसैगरी, काठमाडौंको गोंगबुस्थित अजिमा चस्मा घरलाई पनि उपभोक्ता संरक्षणसम्बन्धी व्यवस्था पालना नगरेको पाइएपछि पाँच हजार रुपैयाँ जरिमाना गरिएको छ।

यसैबीच, साइबाबा ग्यास उद्योग, कलङ्कीलाई उपभोक्तालाई सहज रूपमा ग्यास वितरण गर्न निर्देशन दिइएको छ। चन्द्र विनायक ग्यास स्टोर चाबहिललाई नियमितरूपमा खाना पकाउने ग्यास उपलब्ध गराउनुका साथै प्रत्येक कारोबारमा अनिवार्यरूपमा बिल-बिजक जारी गर्न विभागले निर्देशन दिएको छ।

अनुगमनक्रममा कोलोनी प्रोडक्सन एन्ड सप्लायर्स तथा अमन ट्रेडर्ससँग आवश्यक कागजात तत्काल उपलब्ध नभएकाले सम्बन्धित व्यवसायसँग जोडिएका सम्पूर्ण कागजातसहित तीन दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको छ। अन्य केही व्यावसायिक फर्मलाई भने सुधारात्मक निर्देशन दिइएको विभागले उल्लेख गरेको छ। अनुगमनका क्रममा उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम आवश्यक निर्देशन र कारबाही गरिएको विभागले स्पष्ट पारेको छ। विभागले बजारमा उपभोक्ताको अधिकार संरक्षण, कालोबजारी नियन्त्रण तथा व्यवसायलाई कानुनी दायराभित्र सञ्चालन गराउने उद्देश्यले नियमित अनुगमनलाई निरन्तरता दिएको उल्लेख गरेको छ। उपभोक्ता अधिकारकर्मी तथा स्थानीय सरोकारवालाको सहभागितामा बजार निरीक्षण थप प्रभावकारी बनाइएको पनि विभागले जनाएको छ।

उता, झापा मेचीनगर नगरपालिका-६ स्थित हनुमान मन्दिर क्षेत्रबाट प्रहरीले २ लाख ६६ हजार २५ रुपैयाँबराबरका अवैध सामान बरामद गरेको छ। भारतबाट भन्सार छली गरी नेपाल भित्र्याइँदै गरिएका सामग्री विशेष सूचनाका आधारमा नियन्त्रणमा लिइएको प्रहरीले उल्लेख गरेको छ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रञ्जन अवाले बुधबार साँझ इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले सो सामान बरामद गरेको जानकारी दिए। भारतबाट अवैधरूपमा ल्याइँदै गरेका विभिन्न सामग्री नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान अघि बढाइएको उनले उल्लेख गरे। बरामद गरिएका सामानमा विभिन्न कम्पनीका मोबाइलका सहायक सामग्री तथा बालबालिकाका कपडा रहेका छन्। प्रहरीका अनुसार मोबाइलका सहायक सामग्रीको मूल्य २ लाख ५५ हजार ४२५ रुपैयाँ रहेको छ भने बालबालिकाका कपडाको मूल्य १० हजार ६०० रुपैयाँ बराबर रहेको छ।

# याडियाको जीएस ७०, जीटी ७० र जीटी ८० विद्युतीय स्कुटर सार्वजनिक




यी स्कुटरमा ब्लुटुथ जडान, टीएफटी स्मार्ट स्क्रिन, मोबाइल मार्गनिर्देशन प्रतिबिम्बन, याडिया स्मार्ट एपसँग जडान, पाँच जनासम्म प्रयोग गर्न सकिने पारिवारिक साझेदारी सुविधा तथा चाबीविहीन स्मार्ट प्रणालीजस्ता सुविधा समावेश गरिएका छन्।

**राजधानी समाचारदाता**
काठमाडौं, २१ साउन

नेपालका लागि याडियाको आधिकारिक वितरक कुजु नेपाल प्रालिले नयाँ पुस्ताका जीएस ७०, जीटी ७० र जीटी ८० विद्युतीय स्कुटर सार्वजनिक गरेको छ।

कम्पनीका अनुसार आधुनिक जीएस प्रविधि, उच्च कार्यसम्पादन तथा नेपाली उपभोक्ताको बदलिँदो आवागमन आवश्यकता ध्यानमा राखेर विकास गरिएका यी स्कुटरले स्मार्ट विद्युतीय आवागमनलाई थप सहज बनाउने अपेक्षा गरिएको छ।

विश्वकै अग्रणी विद्युतीय दुईपांग्रे सवारीसाधन उत्पादक याडियाले नवीन प्रविधि, उच्च कार्यसम्पादन तथा दिगो यातायात समाधानमार्फत नेपाली बजारमा आफ्नो उपस्थिति विस्तार गर्दै आएको छ। नयाँ जीएस ७०, जीटी ७० र जीटी ८० मोडल सहरीदेखि लामो दूरीको यात्रा तथा उच्चस्तरीय कार्यसम्पादन ग्राहकलक्षित गरी ल्याइएको हो।

जीएस ७० मा २.१ किलोवाट-घण्टा क्षमताको ब्याट्री र २.८ किलोवाट क्षमताको पीक मोटर जडान गरिएको छ। यसले एकपटक पूर्णरूपमा विद्युत् भर्दा १ सय ५ किलोमिटरसम्म यात्रा गर्न सक्ने कम्पनीको दाबी छ।

यसैगरी, जीटी ७० मा ५.७ किलोवाट-घण्टा क्षमताको डुअल ब्याट्री प्रणाली (३.६ किलोवाट-घण्टा स्थायी र २.१ किलोवाट-घण्टा झिक्न मिल्ने ब्याट्री) तथा ३.७ किलोवाट क्षमताको पीक मोटर रहेको छ।

यो स्कुटरले एकपटक पूर्णरूपमा चार्ज गर्दा २ सय २० किलोमिटरसम्म यात्रा गर्न सक्ने कम्पनीले जनाएको छ। झिक्न मिल्ने ब्याट्रीका कारण चार्ज गर्न थप सहज हुने उल्लेख गरिएको छ।

प्रिमियम श्रेणीअन्तर्गत जीटी ८० मा ३.६ किलोवाट-घण्टा क्षमताको लिथियम ब्याट्री, ५ किलोवाट क्षमताको पीक मोटर, प्रतिघण्टा ८० किलोमिटरसम्मको गति तथा १ सय ५० किलोमिटरसम्मको यात्रा क्षमता रहेको कम्पनीले जनाएको छ।

यी स्कुटरमा ब्लुटुथ जडान, टीएफटी स्मार्ट स्क्रिन, मोबाइल मार्गनिर्देशन प्रतिबिम्बन, याडिया स्मार्ट एपसँग जडान, पाँच जनासम्म प्रयोग गर्न सकिने पारिवारिक साझेदारी सुविधा तथा चाबीविहीन स्मार्ट प्रणालीजस्ता सुविधा समावेश गरिएका छन्।

सुरक्षाका लागि ट्र्याक्सन कन्ट्रोल प्रणाली, स्थिर गतिमा सञ्चालन प्रणाली (क्रुज कन्ट्रोल), उकालोमा रोकिराख्ने प्रणाली, ओरालोमा गति नियन्त्रण प्रणाली तथा डुअल डिस्क ब्रेकिङ प्रणालीजस्ता सुविधा उपलब्ध गराइएको कम्पनीको भनाइ छ।

कम्पनीले तीनै मोडलमा तीन वर्ष वा ५० हजार किलोमिटरसम्मको ब्याट्री प्रत्याभूति प्रदान गरेको छ। नयाँ जीएस ७०, जीटी ७० र जीटी ८० हाल नेपालभर रहेका २० आधिकारिक याडिया विक्रेतामार्फत उपलब्ध छन्। कम्पनीले आगामी दिन विक्रेता तथा सेवा सञ्जाल थप विस्तार गर्ने जनाएको छ।

सार्वजनिक भएदेखि 'नाइमा अटो शो' सम्पन्न नहुँदासम्म तीनै मोडलमा १० हजार रुपैयाँ विशेष छुट प्रदान गरिने कम्पनीले जनाएको छ। इच्छुक ग्राहकले नजिकको आधिकारिक याडिया प्रदर्शनी कक्षमा गई स्कुटर अवलोकन गर्न, परीक्षण सवारी गर्न तथा किस्ता सुविधासम्बन्धी जाजीएसारी लिन सक्ने छन्।


## १५ दिने सूचना

यस का.जि.का.म.पा वडा नं. हाल २६ अन्तर्गत स्थित इन्द्र राज सिम्खडाको नाममा दर्ता रहेको घरको कोठा करण घर्तिले भाडामा लिई भाडा वापतको रु. १,५०,०००/- नदिई सम्पर्कमा नआएको भनी इन्द्र राज सिम्खडाले निवेदन दिनुभएको हुँदा काठमाडौं महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका २०७९ को दफा २७ उपदफा ३ बमोजिम विपक्षीलाई यस का.म.पा २६ वडा कार्यालयमा १५ दिन भित्र उपस्थित भई हालसम्मको बहाल भुक्तान गरी कोठा खाली गर्नुहोला। अन्यथा कानुन बमोजिम कोठा खाली गराइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**का.म.पा-२६ नं. वडा कार्यालय**



## लक्ष्मी सनराइज बैंक लिमिटेडमा धितो रहेको सम्पत्ति लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८३/०४/२२)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, व्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त मिति २०८१/१०/२२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा यो धितो लिलाम बिक्रीको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्तिमध्ये कुन सम्पत्ति के, कति मुल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौ स्थित कर्जा असुली विभाग/शाखा कार्यालय धरान, सुनसरी स्थित कर्जा असुली विभागमा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८३/०५/०६ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौ/शाखा कार्यालय धरान, सुनसरी स्थित कर्जा असुली विभागमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालयः धरान, सुनसरी**

**१. ऋणीको नाम :** कम्पनी ऐन २०६३ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टरको कार्यालय मिति २०६८/१०/०४ मा दर्ता नं. ८९८०४/०६८/०६९ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजस्व कार्यालय धरान सुनसरी पान नं. ६००२८९५८४ भएको सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ९, स्थित **कृतीदर्शन मिडिया।**

**संचालक तथा धितो जमानीकर्ताः** भिम बहादुर श्रेष्ठको नाती कुल बहादुर श्रेष्ठको छोरा सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १२ बस्ने **मोहन श्रेष्ठ** (ना.प्र.नं. १५४८/८६४२ जि.प्र.का. इ.प्र.का. धरान, सुनसरी जारी मिति २०४६/०३/३१)।

**संचालक तथा व्यक्तिगत जमानीकर्ताहरु :**

**क)** सहर मान श्रेष्ठको छोरी भिम बहादुर श्रेष्ठको बुहारी अशोक श्रेष्ठको पत्नि सुनसरी जिल्ला धरान उप.म.न.पा. वडा नं. १३ बस्ने **सरला श्रेष्ठ** (ना.प्र.नं. १३६५ जि.प्र.का. सुनसरी जारी मिति २०४५/०१/२३।

**ख)** लक्ष्मी नारायण पलिखेको नाती, गोपाल नारायण पलिखेको छोरा, सुनसरी जिल्ला धरान उप.मन.पा. वडा नं. २ बस्ने **सोकेन नारायण पलिखे** (ना.प्र.नं. १८३क/९३९१ जि.प्र.का. सुनसरी जारी मिति २०३६/०५/०३)।

**व्यक्तिगत जमानतकर्ता :** लक्ष्मी नारायण पलिखेको नाती, गोपाल नारायण पलिखेको छोरा, सुनसरी जिल्ला धरान उप.म.न.पा. वडा नं. २ बस्ने **चन्द्र नारायण पलिखे** (ना.प्र.नं. टो.नं.४/३५६९/१२०३३/०४४ जि.प्र.का. सुनसरी जारी मिति २०४६/०३/१५)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

**१. धितो जमानीकर्ता मोहन श्रेष्ठ**को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला घोपा न.पा./गा.वि.स. वडा नं./नक्सा सिट नं. ६/ख स्थित कित्ता नं. ७४ को क्षेत्रफल ०-७-१४-० विगाहा भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाइपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणी कृतीदर्शन मिडियाको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

**२. ऋणीको नाम :** भिम बहादुर श्रेष्ठको नाती कुल बहादुर श्रेष्ठको छोरा सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १२ बस्ने **मोहन श्रेष्ठ** (ना.प्र.नं. १५४८/८६४२ जि.प्र.का. इ.प्र.का. धरान, सुनसरी जारी मिति २०४६/०३/३१)।

**व्यक्तिगत जमानीकर्ता :** कृष्ण गोविन्द लाखेको, नातीनी द्रोण गोविन्द लाखेको छोरी मोहन श्रेष्ठको पत्नि सुनसरी जिल्ला धरान उ.म.न.पा वडा नं. १२ बस्ने **इशु लाखे** (ना.प्र.नं. ८४८३/०५४/५५ जि.प्र.का. सुनसरी, धरान जारी मिति २०५४/०४/३०)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : ऋणी तथा जग्गाधनि मोहन श्रेष्ठ**को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला घोपा न.पा./गा.वि.स. वडा नं./नक्सा सिट नं. ६/ख स्थित कित्ता नं. ७४ को क्षेत्रफल ०-७-१४-० विगाहा भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**३. ऋणीको नाम :** लक्ष्मी नारायण पलिखेको नाती, गोपाल नारायण पलिखेको छोरा, सुनसरी जिल्ला धरान उप.मन.पा. वडा नं. २ बस्ने **चन्द्र नारायण पलिखे** (ना.प्र.नं. टो.नं.४/३५६९/१२०३३/०४४ जि.प्र.का. सुनसरी जारी मिति २०४६/०३/१५)।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क)** सहर मान श्रेष्ठको छोरी, गोपाल नारायण पालिखेको बुहारी सोकेन नारायण पलिखेको पत्नि सुनसरी जिल्ला धरान उप.मन.पा. वडा नं. १३ भई हाल धरान उपमन.पा. वडा नं. ९ बस्ने **गंगा श्रेष्ठ** (ना.प्र.नं. १३१८/६८ जि.प्र.का. सुनसरी जारी मिति २०४५/०१/२२)।

ख) हरि नन्द ताम्राकारको छोरी, श्री गोपाल नारायण पालिखेको बुहारी चन्द्र नारायण पलिखेको पत्नि सुनसरी जिल्ला धरान उप.म.न.पा वडा नं. ३ भई हाल धरान उप.म.न.पा. वडा नं. १ बस्ने **सरिता कुमारी ताम्राकार** (ना.प्र.नं. २३७७/३०९५ जि.प्र.का. सुनसरी जारी मिति २०४५/०२/२२)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : ऋणी चन्द्र नारायण पलिखे**को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला धरान न.पा./गा.वि.स. वडा नं./नक्सा सिट नं. ४ स्थित कित्ता नं. ३२७ र ५५४ को क्षेत्रफल क्रमशः ०-०-७.२५ र ०-०-१ विगाहा भएको जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**नोटः ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो। जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।**

**पुनश्च :** बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौ स्थित कर्जा असुली विभाग/शाखा कार्यालय धरान, सुनसरीबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्गको रुपमा रहनेछ।

**अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार स्थित कर्जा असूली विभाग वा शाखा कार्यालय धरान, सुनसरीमा सम्पर्क राख्न सकिने छ।**

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, बौनिया शाखाको २१ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८३/०४/२२ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ चैत्र महिना २३ गतेको "राजधानी" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीहरूको नाम र ठेगाना : |
|---|---|
| १ | नेपाल सरकार, उद्योग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्रा.फा.र.नं. ७१३६/०५८/५९, स्थानीय व्यापार कायम भई मिति २०५८/१०/१५ मा दर्ता भएको कैलाली जिल्ला, घोडाघोडी नगरपालिका वडा नं. १ स्थित **न्यू चौलागाई ट्रेडर्स...१** |
| २ | प्रजापति जैशी चौलागाईको नाती, अईवर राम जैशी चौलागाईको छोरा, कैलाली जिल्ला, पथरैया गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **चन्द्र प्रकाश जैशी (चौलागाई)...१** तथा नयाराज जैसीको नाती, प्रजापति जैशी चौलागाईको छोरा, कैलाली जिल्ला, पथरैया गा.वि.स. वडा नं. १ बस्ने **अईवर राम जैशी चौलागाई...१ समेत जना २** |
| ३ | प्रजापति जैशी चौलागाईको नाती, अईवर राम जैशी चौलागाईको छोरा, कैलाली जिल्ला, पथरैया गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **चन्द्र प्रकाश जैशी (चौलागाई)...१** |
| **ऋणी १, २ र ३ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | प्रजापति जैशी चौलागाईको नाती, अईवर राम जैशी चौलागाईको छोरा, कैलाली जिल्ला, पथरैया गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **विनोद चौलागाई...१** |
| २ | अईवर राम जैशी चौलागाईको नाती, चन्द्र प्रकाश जैशी चौलागाईको छोरा, कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. १ बस्ने **दिपक चौलागाई...१** |
| ३ | धर्मराज जैशीको छोरी, चन्द्र प्रकाश जैशी चौलागाईको श्रीमती, कैलाली जिल्ला, पथरैया गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **धना देवी जैशी (चौलागाई)... १** |
| ४ | ददी गौतमको छोरी, अईवर राम जैशी चौलागाईको श्रीमती, कैलाली जिल्ला, पथरैया गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **धनसुवा चौलागाई...१** |
| **ऋणी १ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | प्रजापति जैशी चौलागाईको नाती, अईवर राम जैशी चौलागाईको छोरा, कैलाली जिल्ला, पथरैया गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **चन्द्र प्रकाश जैशी चौलागाई...१** |
| २ | नयाराज जैसीको नाती, प्रजापति जैशी चौलागाईको छोरा, कैलाली जिल्ला, पथरैया गा.वि.स. वडा नं. १ बस्ने **अईवर राम जैशी चौलागाई...१** |
| **ऋणी ३ को व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** | |
| १ | नयाराज जैसीको नाती, प्रजापति जैशी चौलागाईको छोरा, कैलाली जिल्ला, पथरैया गा.वि.स. वडा नं. १ बस्ने **अईवर राम जैशी चौलागाई...१** |
| **ऋणी ३ को संस्थागत जमानतकर्ताको नाम र ठेगाना :** | |
| १ | नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्रा.फा.र.नं. ३०१८५/०७७/७८,स्थानीय व्यापार कायम भई मिति २०७७/१०/१५ मा दर्ता भएको कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ७, स्थित **मालिका देवी टायल्स एण्ड सप्लायर्स...१** |
| **ऋणी २ र ३ को संस्थागत जमानतकर्ताको नाम र ठेगाना :** | |
| १ | नेपाल सरकार, उद्योग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्रा.फा.र.नं. ७१३६/०५८/५९, स्थानीय व्यापार कायम भई मिति २०५८/१०/१५ मा दर्ता भएको कैलाली जिल्ला, घोडाघोडी नगरपालिका वडा नं. १ स्थित **न्यू चौलागाई ट्रेडर्स...१** |
| **ऋणी १, २ र ३ को धितो सुरक्षणको विवरण :** | |
| १ | **चन्द्र प्रकाश जैशी चौलागाई**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, दरख गा.वि.स./न.पा. वडा नं. ७ (नक्सा सिट नं. ७ग) को कित्ता नं. १९७९ को २३७.०५ व.मि. क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा बौनिया शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **मिति २०८३ साल भाद्र महिना ११ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

मिति : २०८३ साल भाद्र महिना १६ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com